# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ६ संख्याः १ असार ३०,२०७९

### भाग - १

### मुसिकोट नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय, रुकुम पश्चिमको

### सूचना

### विनियोजन ऐन, २०७९

**सम्वत २०७९ सालको ऐन नं. १**

**प्रस्तावनाः** मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मुसिकोट नगर सभाको स्वकृतिको लागि यो ऐन बनाएइको छ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)** यस ऐनको नाम " मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ श्रावण १ गतेदेखि लागु हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७९/०८०</u> <u>को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>:** (१) आर्थिक वर्ष २०७९/०८० को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८६,७२,७१,५२५। (अक्षेरुपी छयासी करोड बहत्तर लाख एकहत्तर हजार पांच सय पच्चीस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **<u>विनियोजनः</u> (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त मुसिकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर कार्यपालिकाबाट निर्णय गराई नगर सभाबाट अनुमोदन गर्नु पर्नेछ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

# अनुसूचि-१
## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा रु. हजारमा |
|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 |
| 1 | नगरकार्यपालिका कार्यालय संचालन तर्फ | 188394025 | 16890000 | 205284025 |
| 2 | बिषयगत समितिहरु तर्फ | | | |
| 2.1 | आर्थिक विकास समिति | 32325000 | 26110000 | 58435000 |
| 2.2 | पूर्वाधार विकास समिति | 273282500 | 61350000 | 334632500 |
| 2.3 | सामाजिक विकास समिति | 8600000 | 201360000 | 209960000 |
| 2.4 | वातावरण तथा विपद व्यवस्थापन समिति | 6780000 | 0 | 6780000 |
| 2.5 | सार्बजनिक सेवा प्रबाह, सुशासन र क्षमता विकास | 51340000 | 840000 | 52180000 |
| 2.6 | ऋणको सावा व्याज भुक्तानी | | | |
| 2.7 | लगानी (शेयर/ऋण) | 0 | 0 | 0 |
| **जम्मा** | | **560721525** | **306550000** | **867271525** |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

आज्ञाले,

शेर वहादुर पुन

प्रमख प्रशासकीय अधिकृत